# प्रेरणा
# गुरुपूजा विशेषाङ्क

आत्मज्ञान प्रचार संघद्वारा प्रकाशित | वर्ष : ४ अङ्क : १५ | श्रावण २०८१ | जुलाई २०२४


## वास्तविक गुरु र स्वयम्को ज्ञान



हामीले 'गुरु' भन्ने शब्द धेरै सुनेका छौं । तपाईं जहाँसुकै जानुहोस् भारतवर्ष होस् या विदेश । गुरु कस्ता हुन्छन् भन्ने प्रश्नमा मानिसहरूका आ-आफ्नै धारणाहरू छन् । तर, गुरु के हो त ? उहाँ को हुनुहुन्छ ?

यो हृदय जन्मौंजन्मसम्म सुतेर बसेको छ । यसलाई बिउँझाइदिने व्यक्ति नै वास्तविक गुरु हुनुहुन्छ । सबै होइन । कतिपय गुरुले मनोकामना पूरा होस् भनेर दुनियाँको कुरा सुनाउनुहुन्छ । मनका पछि दौडिनु किन आवश्यक छ र ! कतिपय गुरुले भन्नुहुन्छ- "अझ दौड । अझ दौड । म तिम्रो मनको इच्छा पूरा गरिदिन्छु ।" मनोकाङ्क्षा पूरा भएर शान्ति प्राप्त हुँदैन ।

> मानिसहरू भन्छन्- म गुरु हुँ । होइन । तपाईंले जसको हृदयमा प्रकाश ल्याउनुहुन्छ उसले मात्र तपाईंलाई गुरु भन्न सक्छ ।

कतिपय मानिसहरू आफ्नो नामका अघि गुरु शब्द राख्नुहुन्छ । तपाईं आफ्नो नामका अघि गुरु शब्द कसरी राख्न सक्नुहुन्छ र ! तपाईंले कसैको हृदयको अन्धकारलाई हटाउनुभएपछि जसको हृदयको अँध्यारो हटेको छ उसले मात्र तपाईंलाई गुरु भनेर सम्बोधन गर्न सक्छ । जस्तो तपाईंका बालबच्चा नै छैनन् भने तपाईंलाई कसले बुवा भनेर बोलाउला र ! तपाईंले आफैंलाई बुवा भनेर त भन्न सक्नुहुन्न । तपाईंलाई कोही अरूले मात्र बुवा भन्न सक्छ । कसले भन्न सक्छ ? तपाईंका छोराछोरी भएपछि उनीहरूले तपाईंलाई बुवा भनेर बोलाउन सक्छन् । यसर्थ तपाईं आफ्नो नामका अघि बुवा राख्न सक्नुहुन्न । तपाईं को हुनुहुन्छ ? 'म त बुवा हुँ ।' तपाईंका छोराछोरीले मात्र त्यसरी भन्न सक्छन् । तपाईं आफ्नो नामका अघि श्रीमान् भनेर भन्न सक्नुहुन्न । तपाईंकी श्रीमतीले मात्र उहाँ मेरा श्रीमान् हुनुहुन्छ भन्न सक्छिन् ।

मानिसहरू भन्छन्- म गुरु हुँ । होइन । तपाईंले जसको हृदयमा प्रकाश ल्याउनुभयो उसले मात्र तपाईंलाई गुरु भन्न सक्छ । तपाईंले कसैको हृदयमा प्रकाश ल्याउनुभएकै छैन भने तपाईंलाई उसले कसरी गुरु भन्न सक्छ र !

देख्न सकिरहेको छैन । अँध्यारो धेरै नै छ । त्यसकारण सानोतिनो दियो आवश्यक छैन । त्यसबाट काम सफल हुँदैन । कस्तो दियो चाहिन्छ ? जसले हृदयको अँध्यारोलाई हटाउन सक्छ । त्यस्तो ज्ञान आवश्यक छ ।

तपाईंको दराजमा दुई हजार जना मानिसहरूको कोठाको साँचो छ । तर, तपाईंसँग आफ्नै दराजको साँचो छैन । दुई हजारओटा साँचो हुनु र नहुनुको के फाइदा भयो र ! तपाईंले आफ्नो दराजलाई त खोल्न सक्नुहुन्न । यसर्थ दराजको साँचो पनि आवश्यक हुन्छ । त्यस्तै, आफ्नो साँचो पनि चाहिन्छ । आफ्नो ताल्चालाई पनि खोल्नुपर्छ । दुनियाँका बारेमा ज्ञान छ तर आफ्नै बारेमा ज्ञान छैन भने के फाइदा भयो र !

## प्रेम रावतद्वारा सम्बोधन

सन् २०२४ को मे ४ मा अमेरिकाको बोस्टनमा सम्पन्न कार्यक्रमपश्चात् प्रेम रावतले मे १९ मा भएको क्रोएसियास्थित डुब्रोनिकको कार्यक्रमबाट युरोपका कार्यक्रमहरूको शृङ्खला सुरु गर्नुभयो । त्यसपछि इङ्गल्यान्डको ब्राइटनमा भएको कार्यक्रमका अतिरिक्त केही अरू विशेष कार्यक्रमहरू गर्नुभयो । यसरी नै जुन १५ मा स्पेनको बार्सिलोना, जुन २२ मा इटालीको रोम र जुन २९ मा ग्रिसको एथेन्समा भएका कार्यक्रमहरूलाई सम्बोधन गरेर उहाँले मलेसियाको क्वालालम्पुर पुगी जुलाई ८ देखि १२ सम्म अन्तर्राष्ट्रिय सम्मेलन गर्नुभयो । उक्त सम्मेलनमा ५९ देशका ४०० व्यक्तिहरूको सहभागिता थियो । त्यसपछि त्यहाँ जुलाई १४ मा भएको सार्वजनिक कार्यक्रमलाई सम्बोधन गरेर उहाँ जुलाई ३१ मा हुने गुरुपूजा विशेष कार्यक्रमका लागि भारतको नयाँ दिल्ली पुग्नुभएको छ ।

क्वालालम्पुरमा भएको पाँच दिवसीय अन्तर्राष्ट्रिय सम्मेलनका सुरुका तीन दिनका विषयगत सत्रहरू इन्टेलिजेन्ट एक्जिस्टेन्सबाट प्रत्यक्ष प्रसारण भएका थिए भने तिनको पुनः प्रसारण २०८१ को भाद्र १६ गतेसम्म हेर्न सकिनेछ । माथिका अरू बाँकी सार्वजनिक कार्यक्रमहरूलाई टाइमलेसटुडेबाट प्रत्यक्ष प्रसारण गरिएको थियो र टाइमलेसटुडेमा अझै पनि तिनको पुनः प्रसारणको आनन्द लिन सकिनेछ ।

### यसभित्र


३१ जुलाई एक विशेष दिन
दोहा
अभिव्यक्ति
कथा : गुरु र तरबार सिक्ने मानिस
भित्रको शान्तिलाई खोज्नुहोस्


महान् चरित्रको निर्माण महान् विचारबाट हुन्छ । -विवेकानन्द

# गुरुपूजा विशेषाङ्क

## ३१ जुलाई एक विशेष दिन

श्री प्रेम रावतले आफ्ना गुरु तथा स्वयम् पिताको देहावसानपछि सन् १९६६ जुलाई ३१ देखि औपचारिक रूपमा आन्तरिक शान्ति प्रदान गर्ने जिम्मेवारीलाई वहन गर्नुभयो । उहाँले केवल आठ वर्षको उमेरमा शान्ति सन्देशमार्फत आन्तरिक शान्तिलाई अनुभूत गर्ने विधि 'आत्मज्ञान' प्रदान गरेर लाखौं मानिसको जीवनमा शान्तिको लहर फैलाउनुभएको छ । उहाँले जिम्मेवारी वहन गर्नुभएको यस विशेष दिनलाई ज्ञान प्राप्त व्यक्तिहरूले 'गुरुपूजा' का रूपमा मनाउँदै आएका छौं । यस वर्ष पनि वि. सं. २०८१ को श्रावण १६ गतेका दिन हामी ५८ औं वार्षिकोत्सव मनाइरहेका छौं ।

उहाँले केवल तेह्र वर्षको हुँदा सन् १९७१ जुन १७ मा बेलायतको राजधानी लन्डन र जुलाई १७ मा संयुक्त राज्य अमेरिकामा पुगेर पश्चिमी देशहरूमा आफ्नो शान्ति सन्देश प्रवाह गर्नुभयो । यसरी यो जिम्मेवारी सम्हालेको पाँच वर्ष पूरा नहुँदै उहाँले आफ्नो सन्देशलाई विश्वव्यापीकरण गर्ने अभियानको थालनी गर्नुभयो । हाल विश्वका मानिसहरूले उहाँको यो सन्देशलाई मन पराएर आन्तरिक शान्तिको आनन्द लिइरहेका छन् ।

उहाँले ४ वर्षको तोतेबोलीमा स्टेजमा उभिएर आन्तरिक शान्तिका बारेमा सन्देश दिनुहुँदा उक्त समयमा एउटा अनौठो घटना जस्तै भान भएको थियो । उहाँले त्यसबेला प्रवाह गर्नुभएको त्यो सन्देश सार्वजनिक रूपमा प्रकाशित भएको थियो । करिब छ दशक अघिदेखिको उहाँको निरन्तर तथा अथक प्रयासले हाल विश्वका करिब सबै देशहरूमा उहाँको प्रेरणादायी शान्ति सन्देश पुगिसकेको छ ।

उहाँका पिता तथा गुरु हंसजी महाराजको निधन भयो । उहाँका परिवारका सदस्य र अनुयायीहरू शोकको समुद्रमा डुबेका थिए । प्रेम रावत आफू छोरो भए पनि उहाँले त्यो शोकाकुल स्थितिलाई व्यवस्थापन गर्ने अभिप्रायले त्यहाँ उपस्थित जनसमुदायलाई सम्बोधन गर्नुभयो । ५८ वर्षअघि त्यो सन् १९६६ जुलाई ३१ तारिखको दिन थियो । एक जना आठ बर्से बालकले सबै अग्रज र शोकाकुल जनमानसमा सान्त्वना प्रदान गर्दै भन्नुभयो, "उहाँ सशरीर हामीसँग नभए पनि त्यो चिज, त्यो रुहानियत (रुनुको गहिराइमा लुकेको भाव), जोसँग हामीले प्रेम गरेका छौं, त्यो चिज मरेको छैन, अझै पनि हामीसँगै छ ।" हुन त हंसजी महाराजले यसअघि नै उहाँलाई सन्देश सुनाउन लगाउनुहुन्थ्यो । त्यसबेलादेखि आजसम्म पनि उहाँले मानव हितकारी सन्देश प्रवाह गरिरहनुभएको छ । आज त संसारले उहाँलाई शान्ति सन्देश प्रवाह गरेका कारण, एक प्रतिष्ठित र परिचित लेखक भएका कारण अर्थात् मानव हितकारी जनभोजन कार्यक्रमका संस्थापकका हिसाबमा विभिन्न संघसंस्थाले सम्मान गरिरहेको छ । उहाँको सन्देश उसै गरी शान्ति प्रदायक सन्देश बनेर फैलिरहेको छ ।

आज मानिसहरूले घरमै बसेर अञ्जन टिभी, युट्युब च्यानल, टाइमलेसटुडे एप, आइफोरजोइ तथा अन्य आधिकारिक अनलाइन स्रोतका माध्यमबाट समेत प्रेम रावतको सन्देशको आनन्द लिइरहेका छन् । यसबाट हामीले यो विशेष महोत्सव मनाउने र थप उत्प्रेरित हुने अवसर पाइरहेका छौं । यस गुरुपूजाको विशेष अवसरले तपाईंको जीवनमा उहाँको सन्देश र ज्ञानले थप सुख, शान्ति र प्रेरणा ल्याओस् र हरेक क्षण शान्तिको अनुभूति गर्ने

## दोहा

१

गुरु समान दाता हुँदैनन्, याचक शिष्य समान ।
तीन लोकको सम्पदा दिन्छन् गुरुले दान ॥

२

ज्ञान समागम प्रेम सुख, दया, भक्ति विश्वास ।
गुरु सेवाबाट पाइन्छ सद्‌गुरु शरण निवास ॥

३

पूरै यो धर्ती कागज बनाई, कलम बनाऊँ सबै वन ।
सात समुद्रको मसी बनाई, सकिँदैन गुरु गुण लेख्न ॥

४

गुरुविना हुँदैन ज्ञान, गुरुविना पाइँदैन मोक्ष ।
गुरुविना चिनिँदैन सत्य, गुरुविना मेटिँदैन दोष ॥

५

गुरुलाई शिरमा राखेर हिँड्नुहोस् उनकै आज्ञामा ।
भन्छन् ती कबिरदास रहँदैन भय तीन लोकमा ॥

६

गुरु महिमा गाऊँ सधैं, राखी प्रसन्नता मनमा ।
आउँदैन फर्केर दुःख फेरि, बसौं प्रभुका साथमा ॥

७

गुरुसँग प्रेम गाँसौं, गरौं निष्काम भावले सेवा ।
प्रेमविना दूर उनी, प्रेम भए हुन्छन् निकट सदा ॥

(सन्त कबिरका दोहाबाट भावानुवाद गरिएको)



यस प्रेरणा पत्रिकामा प्रकाशित सामग्रीहरू- 'वास्तविक गुरु र स्वयम्‌को ज्ञान', 'गुरु र तरबार सिक्ने मानिस' कथा र 'भित्रको शान्तिलाई खोज्नुहोस् !' लेखहरूको विषयवस्तु प्रेम रावतको सन्देशबाट साभार गरी अनुवाद गरिएको हो । उहाँ मानवता र शान्तिका विषयमा चर्चा गर्ने अन्तर्राष्ट्रिय वक्ता हुनुहुन्छ ।

# अभिव्यक्ति

मेरो आदरणीय प्रेम रावतज्यू,

हजुरले मलाई दिनुभएको दया र प्रेमका लागि म शब्दमा धन्यवाद दिन सक्दिन । सुख-दु:खका हरेक समयको मेरो असल मित्र र जीवनरक्षक भई हजुरले मेरो जीवनको मार्गलाई प्रकाशित गरिदिनुभएकोमा म हजुरप्रति सधैँ आभारी छु । मलाई कृपा गरेर दिनुभएको सेवा, सत्सङ्ग, भजन र दर्शनको अनमोल मौकाहरूका लागि म कृतज्ञ छु । यहाँको कृपारूपी हात सधैँ यसरी नै ममाथि रहिरहोस् भनी प्रार्थना गर्दछु ।

-सङ्गीता शर्मा
काठमाडौँ

प्रेम रावतज्यू,

म हजुरको सन्देश सुन्नुभन्दा पहिला साना-साना दु:खमा पनि विचलित हुन्थेँ । यो जीवनलाई एउटा सङ्घर्षको रूपमा मात्र हेर्थें तर जब मैले हजुरको सन्देश सुन्न पाएँ त्यसपछि ममा धेरै परिवर्तन आयो । दु:ख त अहिले पनि आउँछ तर त्यसले पहिलाको जसरी असर गर्न सक्दैन । मैले आफूले आफूलाई चिन्न सक्छु । आफूभित्र त्यो साहस, त्यो शक्तिलाई महसुस गर्छु जसबाट म दु:खको बिचमा पनि जीवनको आनन्द लिन सक्छु । यो बुझाइ, यो मार्गदर्शनका लागि हजुरलाई धेरै-धेरै धन्यवाद ! हजुरले जुन प्रयास पछिल्लो ५८ वर्षदेखि गर्दै हुनुहुन्छ- यो यसरी नै अझ बढिरहोस् । धेरैभन्दा धेरै मानिसको जीवनमा यो परिवर्तन आओस् । यही नै शुभकामना दिन चाहन्छु ।

हजुरलाई धेरै-धेरै धन्यवाद !

-राजु सिंह
काठमाडौँ

श्री प्रेम रावतज्यू,

जीवन एक अनमोल उपहार हो र यो पटक-पटक पाइन्न भन्ने कुरा बुझ्नका लागि मलाई जीवनको २८ वर्ष लाग्यो । मैले श्री प्रेम रावतज्यूलाई सुन्ने अवसर पाएँ ।

श्री प्रेम रावतज्यू, हजुरले मलाई ज्ञानरूपी अनमोल उपहार प्रदान गर्नुभयो । मैले यो श्वासलाई आफैँभित्र अनुभव गरेर सही अर्थ थाहा पाएपछि आफू र आफ्नो जीवनलाई बुझ्ने अवसर पाएँ । हजुरले दिनुभएको ज्ञानको हरेक दिनको अभ्यासले हृदयलाई एकदमै आनन्दित तुल्याउँछ र म भित्रैबाट शान्तिलाई महसुस गर्छु । यो आनन्दलाई म शब्दमा वर्णन गर्न सक्दिन तर म आफूलाई धन्य महसुस गर्दछु । हजुर मेरा असल गुरु, मेरा मार्गदर्शक, मेरा ज्ञानदाता हुनुहुन्छ । मेरा लागि यो ज्ञान अनमोल छ । हजुरले सुनाउनुभएको सत्सङ्गबाट मलाई हरेक दिन प्रेरणा मिल्ने गर्छ । हजुरले सेवाको अवसर प्रदान गरेर सधैँ भाग्यशाली बनाइदिनुहुन्छ, जुन चिजले सधैँ मलाई हजुरको सानिध्यमा रहने अवसर मिल्छ । यी क्षणहरू एकदमै आनन्दमय हुने हुन्छन् । यसर्थ म सधैँ हजुरप्रति हृदयबाट नै आभारी छु । म हृदयबाट प्रार्थना गर्दछु, कृपया मलाई यसरी नै सधैँ ज्ञानको आनन्द, सत्सङ्ग र सेवाको अवसर मिलिरहोस् ।

गुरुपूजाको यस अवसरमा यहाँलाई हृदयदेखि नै धेरै-धेरै शुभकामना व्यक्त गर्दछु !

-रमेश चौधरी
सुनसरी

श्री प्रेम रावतज्यूमा मेरो सादर प्रणाम !

हजुरले मलाई संसारमा भड्किरहेका बेलामा ज्ञानमार्गमा हिँडाउनुभयो । बुझेको थिइन, बुझाउनुभयो । केही जान्दिन थिएँ, जनाउनुभयो । नदेख्ने थिएँ, देखाउनुभयो । सेवा, सत्सङ्ग र भजनको सुवर्ण अवसर दिनुभयो । म संसारी दुनियाँमा रहेको मानिस हुँ । गल्ती भएमा माफी पाउने अपेक्षा गर्दछु । यस्तै मौका दिइरहनुहुन अनुरोध छ । यो सबै मौकाका लागि धेरै-धेरै धन्यवाद ! कोटी कोटी नमन !

-गोबिन्द सिंह धामी
माझगाउँ, दार्चुला

## कथा

### गुरु र तरबार सिक्ने मानिस

एक जना मानिस सिपाही बन्न चाहन्थे । उनी एक जना गुरुकहाँ तरबार सिक्नका लागि गए । तब गुरुले भन्नुभयो, "ठिकै छ । यदि तिमी तरबार सिक्न चाहन्छौँ भने म तिमीलाई तरबार चलाउने तरिका सिकाउनेछु ।"

उनले भने, "हजुर, म सिक्न चाहन्छु ।"

त्यसपछि गुरुले भन्नुभयो, "ठिकै छ, भोलि तिमी मेरो घरमा आउनु त्यसपछि म तिमीलाई तरबार चलाउने विद्या सिकाउँला ।"

भालिपल्ट ती मानिस गुरुको घरमा गए । त्यसपछि गुरुले भन्नुभयो, "हेर, तिमी यहाँ बसेका छौ र तरबार सिक्न भनेरै आएका हौ भने कम से कम मेरो घरको सफासुग्घर पनि गरिदेऊ ।"

त्यसकारण उनी घरको सरसफाइ गर्नतिर लागे ।

यो क्रमसँगै निकै महिना बितिसक्यो । हरेक दिन उनले घर सफाइकै काममा व्यस्त हुनुपर्ने भयो तर उनलाई केही सिकाउने काम भने हुँदै भएन ।

एक दिन उनले गुरुसँग भने, "म यहाँ तरबार सिक्नका लागि आएको छु तर अहिलेसम्म मैले तरबार सिक्ने अवसरै पाइन ।"

त्यसपछि गुरुले भन्नुभयो, "ठिक छ, म तिमीलाई तरबार चलाउन सिकाउँछु ।"

अनि, उनले त्यहाँ राखेको खरेटो टिपेर त्यो खरेटोले उनलाई हिर्काउन थाले । त्यसपछि ती मानिसले भने, "तपाईंले यो के गरिरहनुभएको ? तपाईंले मलाई यस्तो कस्तो तरबार सिकाइरहनुभएको छ ?"

ती मानिस निकै निराश भए, 'मैले त तरबार सिक्नै पाइरहेको छैन ।' त्यसपछि एक दिन उनले त्यहाँबाट फर्कने निर्णय गरे । उनले गुरुलाई भने, "अब म जान लागेको ।"

गुरुले भने, "अझै केही दिन बस ।"

उनी बसे । एक दिन उनले सोचे, गुरुले मलाई दु:ख मात्रै दिइरहनुभएको छ । म जहाँ उभिए पनि उहाँले खरेटोलाई तरबार बनाएर मलाई हैरान पारिरहनुहुन्छ । यसको बदलामा म पनि उहाँलाई केही गर्छु ।

एक दिन गुरु खाना पकाइरहनुभएको थियो । कसौँडीलाई त्यसको ढकनीले छोपिराख्नुभएको थियो । जसै ती मानिस आए उनले खरेटोलाई तरबारलेझैँ प्रहार गर्न सुरु गरे । तब गुरुले त्यो ढकनीलाई उठाएर त्यो प्रहारलाई छेकिदिनुभयो । त्यसपछि उनलाई थाहा भयो- योद्धाले जस्तै कसरी सोच्न सुरु गर्ने ! तरबार त पछि पनि चलाउन सिकौँला तर पहिला त मेरो सोच नै योद्धाको जस्तो हुनुपर्ने रहेछ । योद्धा हुनका लागि मैले सधैँ तैनाथ हुनुपर्ने रहेछ । जेसुकै होओस्, तरबार मात्रै होइन तर त्यो ढकनी भए पनि त्यसलाई उपयोग गर्नुपर्ने रहेछ ।

यो कथाको तात्पर्य के हो भने हामीले जीवनको मूल लक्ष्यलाई भुलेर अन्य चिजतिर हराउन थाल्छौँ ।

सिकाइ नै त्यस्तो चिज हो जसका लागि यो मस्तिष्क कहिल्यै थाक्दैन, कहिल्यै डराउँदैन अनि कहिल्यै पश्चात्ताप गर्दैन । -लियोनार्दो दा भिन्ची

# भित्रको शान्तिलाई खोज्नुहोस् !



तपाईंले शान्ति आफूभित्रै छ भनेर जान्नुभएका दिन शान्ति तपाईंको चाहना नभएर आवश्यकता बन्नेछ। तपाईंका चाहनाहरू त बदलिरहन्छन् । तपाईंलाई चाहिएको शान्ति तपाईंभित्र छ। अहिले पनि छ अनि तपाईं रिसाएको समयमा पनि हुन्छ। तपाईंले आफूलाई कुनै कारणले घृणा गर्नुभएको समयमा या तपाईं खुसी हुनुभएको समयमा पनि त्यो शान्ति तपाईंभित्रै हुन्छ। तपाईं दुःखी हुनुभएको समयमा पनि हुन्छ। त्यो सदैव तपाईंभित्रै हुन्छ।

निजी शान्तिलाई तपाईंले अनुभव गरेपछि मात्रै बुझ्न सक्नुहुन्छ । त्यसपछि तपाईंले भन्नुहुनेछ, "हो ! अब मैले शान्तिको अनुभव गरेको छु।" जुनसुकै देशको मानिस भए पनि, जस्तोसुकै मानिस भए पनि 'घोकेर' सिकेको कुरामा तपाईंले केही पनि भन्न सक्नुहुन्न । तथापि, अनुभवबाट सिकेको कुरामा तपाईंले भन्न सक्नुहुन्छ, "यो यस्तो हुन्छ।" यसर्थ शान्ति अनुभव गर्ने कुरा हो।

कारागारमा समेत शान्तिको अनुभव हुन सक्छ । आजीवन कारावासको सजाय पाएकाहरूमा पनि अनुभव हुन सक्छ । यदि त्यस्ता मानिसहरूको जीवनमा समेत आशा पलाउन सक्छ भने जहाँसुकैका अत्यन्तै गरिब, असाध्यै धनी वा जोसुकैले पनि शान्तिको अनुभव गर्न सक्छ।

> वास्तवमा मानिसलाई निजी शान्तिको आवश्यकता पर्दछ। निजी शान्ति नभएसम्म यो संसारमा कहिल्यै पनि शान्ति हुन सक्दैन।

मानिसहरूले त यदि हामीले लडाइँझगडालाई रोक्यौं भने शान्ति हुन्छ भनेर सोच्छन्। शान्ति त पहिल्यै थियो अनि लडाइँचाहिँ कसरी सुरु भयो ! लडाइँ त एउटा प्रणाली हो। सबै कुरा त्यही शान्तिको अभावका कारण भइरहेको छ। वास्तवमा मानिसलाई निजी शान्तिको आवश्यकता पर्दछ। निजी शान्ति नभएसम्म यो संसारमा कहिल्यै पनि शान्ति हुन सक्दैन।

दुईओटा मैनबत्ती छन्- एउटा निभेको छ अनि अर्को बलिरहेको छ । तपाईंले दुवै मैनबत्तीलाई जोड्नुभयो भने निभेको मैनबत्ती पनि बल्न सुरु गर्नेछ। यो प्रकृतिको एउटा कानुन हो। यदि तपाईं बलिरहनुभएको मैनबत्ती बन्नुभयो भने तपाईंका सामुमा आउने निभेका दियाहरू पनि बल्न थाल्नेछन् । मानिसहरू के सोच्छन् भने, "यति धेरै मानिसहरूलाई शान्ति दिने कुरा असम्भव छ। सबैलाई कसरी शान्ति दिन सकिन्छ र !" सबैको कुरा होइन, कुरा हो तपाईंको । अङ्ग्रेजीमा एउटा शब्द छ- प्रिपोन्डेरेन्स ! यदि पचास प्रतिशत मानिसले मात्रै शान्तिको अनुभव गरे भने पनि बाँकी पचास प्रतिशतमा पनि त्यसको प्रभाव पर्नेछ।

तपाईंका बितेका दिन, घण्टा, सेकेन्ड कहिल्यै पनि फर्केर आउनेछैनन्। यसकारण हामीले हरेक दिनलाई खेर नफालीकन बचाउनु आवश्यक छ । मानिसहरूले गर्मी मौसममा सुन्तला अर्थात् मौसमको रस निकाले जसरी अन्तिम थोपोसम्मलाई पनि नछोडीकन मज्जाले निचोर्नुपर्छ। के तपाईं पनि यो दिनको हरेक थोपोलाई निचोर्न सक्नुहुन्छ ? हरेक क्षणभित्र लुकेको रसलाई, यसभित्र निहित शान्तिको एक-एक थोपोलाई निचोर्नुपर्छ । यो अत्यावश्यक छ । यदि आफ्नो जीवनमा यसो गर्न सक्नुभएन भने यो मानिसको शरीर पाउनुको फाइदा नै के भयो र !

मानिसहरू त भन्ने गर्छन्, "यसको अर्थ के हामीले सारा घर-गृहस्थीलाई त्याग्नुपर्छ ?" पर्दैन । घरबार छोड्नु आवश्यक छैन । तपाईंको जीवनमा भएका जिम्मेवारीहरूलाई अझै राम्रोसँग निर्वाह गर्नुहोस् । तपाईंभित्र बसेका ती सृष्टिकर्ताको अनुभव गर्ने अर्को जिम्मेवारीलाई पनि कहिल्यै नबिर्सनुहोस्।

यो शरीर माटो हो । एक दिन यो माटोले माटामै मिल्नुपर्नेछ । तथापि, यो माटो हाँसुन्जेल, रोउन्जेल, बोलुन्जेल, नाचुन्जेल, सुनुन्जेलसम्ममा यसले आफ्नो जीवनलाई सफल तुल्याउन सक्छ । यो माटोले आफ्नो जीवनलाई सफल पारेका दिन यो माटो मात्रै रहनेछैन। यो त अमृतै अमृतद्वारा भरिएको एउटा भाँडो हुनेछ । किनभने, उसले आफ्नो जीवनमा त्यस चिजलाई पहिचान गरेको छ। त्यो चिजलाई देखेको छ, त्यो चिजलाई सुनेको छ।

> ज्ञान प्राप्त गर्नका लागि श्रद्धा हुनुपर्छ, तिर्खा हुनुपर्छ । यदि मानिसमा जिज्ञासा छैन भने उसले कुनै कुरालाई बुझ्नै सक्दैन।

यो कुरा विश्वास गर्ने विषय नभएर अनुभव गर्ने कुरा हो। म त 'मलाई ज्ञान चाहियो' भन्ने मानिसहरूलाई ज्ञान पनि दिन्छु। ज्ञान प्राप्त गर्नका लागि श्रद्धा हुनुपर्छ, तिर्खा हुनुपर्छ । यदि मानिसमा जिज्ञासा छैन भने उसले कुनै कुरालाई बुझ्नै सक्दैन । तपाईंभित्र भएको शान्तिलाई खोज्नुहोस्। जहाँ पाइन्छ त्यहीँ ठिक छ, यदि अन्त पाइएन भनेचाहिँ मकहाँ आउनुहोस्। शान्तिको अनुभव भित्रबाट हुन्छ। यदि तपाईंलाई त्यस्तो अनुभव चाहिएको छ भने म तपाईंलाई मद्दत गर्न सक्छु।


**आत्मज्ञान प्रचार संघ**

सामाखुशी, काठमाडौँ, फोन नं. : ०१-४९५२९१२/४९५२९८०, हेल्पलाइन नं. : ०१-५९०१७६५ इमेल : agps@mos.com.np

प्रचार विभाग : ९८४३१६५०११, लेखा विभाग : ९८४७३६४४८७, व्यवस्थापन विभाग : ९८४०००६२४५


यो जीवन रहेसम्म आनन्दमा रम्नुहोस् किनभने भएको चिजमा आनन्दित नभएमा अन्ततः ढिलो भइसकेको हुनेछ। -होरेस